# प्रेस विज्ञप्ती

२०७४।१२।२६ गते महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्री थममाया थापा समक्ष नेपालका लागि अष्ट्रेलियन राजदुत श्री Peter Budd ले शिष्टाचार भेट गर्नु भयो । उक्त अवसरमा दुई देशको आपसी हित र द्विपक्षीय चासोको विषयमा छलफल भएको थियो । सो भेटघाटको क्रममा महामहिम राजदुतले माननीय मन्त्रीज्यूको नेतृत्वले नेपालका सबै महिलाको प्रतिनिधित्व गर्न सकेकोमा खुशी व्यक्त गर्दै मन्त्रिज्यूलाई सफल कार्यकालको शुभकामना दिनू भयो साथै अष्ट्रेलियन सरकारबाट नेपाललाई विगत देखि हुदैं आएको सहयोगलाई निरन्तरता दिने र दुई देशवीचको सुमधुर सम्वन्धलाई थप सुदृढ बनाउने प्रतिवद्धता व्यक्त गर्नु भयो । अष्ट्रेलियन सरकार र अष्ट्रेलियन जनताले नेपालको आर्थिक, सामाजिक तथा मानव संसाधनको क्षेत्रमा पुर्‍याएको सहयोग प्रति माननीय मन्त्रीज्यूले आभार व्यक्त गर्नु भयो । माननीय मन्त्रीज्यूले नेपालको संविधान वमोजिमको तीनै तहको निर्वाचन सम्पन्न भई मुलुक संघीय संरचनामा प्रवेश गरी राजनैतिक स्थिरता कायम भएको, राज्य सञ्चालनमा महिलाहरुले नेतृत्व लिने अवसर प्राप्त भएको र मुलुक आर्थिक सम्वृद्धिको दिशा तर्फ अघि बढेको सन्दर्भमा अष्ट्रेलियन सरकारबाट सदाभैं निरन्तर सहयोग प्राप्त हुने अपेक्षा व्यक्त गर्नू भयो । महामहिम राजदुतले सो विषयमा अष्ट्रेलियन सरकारको साथ र सहयोग रहने कुरा व्यक्त गर्नू भयो । आगामी दिनमा महिलाको आर्थिक सशक्तीकरण, लैंगिक समानताको क्षेत्रमा दुवै देशले सहकार्य गर्ने प्रतिवद्धता व्यक्त भयो ।

२०७४।१२।२६
कृष्ण बहादुर के.सी.
सहायक प्रवक्ता